भगवतीमाई गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

वेस्तडा, दैलेख, कर्णाली प्रदेश, नेपाल

## शिलवन्दी बोलपत्रको आह्वानको सूचना

सूचना नं. ११/खरिद इकाई

(प्रथम पटक सूचना प्रकाशित मिति: २०८२/०७/०२)

भगवतीमाई गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, दैलेख यस गाउँपालिका अन्तर्गत देहायको आयोजना सञ्चालन गर्नु पर्ने भएकोले ई-विड मार्फत रितपूर्वकको शिलवन्दी दरभाउपत्र आह्वान गर्दछ ।

| ठेक्का नं. | कामको विवरण | बोलपत्र फाराम दस्तुर रु. | जमानत रकम रु. |
|---|---|---|---|
| BRM/MED/SQ/01/2082/083 | भगवतीमाई गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाका लागि आवश्यक आधारभूत, आकस्मिक तथा निःशुल्क औषधी र उपकरण खरिद तथा सप्लाई कार्य। | १,०००.० | १३०,०००.० |

दरभाउपत्र पेश गर्ने, खोलिने अन्तिम म्याद र बोलपत्र जमानतः

| बोलपत्र पेश गर्ने अन्तिम मिति | | बोलपत्र खोलिने मिति | | बोलपत्र फाराम खरिदको लागि बैंक खाता | | | | बोलपत्र जमानत दाखिला गर्ने बैंक खाता | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| मिति | समय | मिति | समय | खाताको नाम | खाता नम्बर | बैंक र शाखा | राजस्व शीर्षक | खाताको नाम | खाता नम्बर | बैंक र शाखा |
| २०८२/०७/२१ गते | १२:०० बजे भित्र | २०८२/०७/२१ गते | २:०० बजे | GA:1.1 BHAGAWATIMAI GA.PA. ANTARICK RAJASHWO KHATA | 1510109328800091 | प्रभु बैंक भगवतीमाई शाखा | १४२२९ | GA:3 BHAGAWATIMAI GA.PA. STHANIYA TAHA DHARAUTI KHATA | 1510109328800041 | प्रभु बैंक भगवतीमाई शाखा |

थप जानकारीको लागि मोबाईल नं. ९८५८०२०८९९/९८५८०२०७९९ सम्पर्क राख्नुहोला । विस्तृत सूचनाको लागि भगवतीमाई गाउँपालिकाको कार्यालय दैलेखको वेबसाइट www.bhagawatimaimun.gov.np वा खरिद अनुगमन कार्यालयको वेबसाइट www.bolpatra.gov.np/egp मा हेर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

भगवतीमाई गाँउपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## पगनाथ, दैलेख

## कर्णाली प्रदेश नेपाल

### शिलबन्दी दरभाउपत्र आव्हानको सूचना

### (प्रथम पटक प्रकाशित मिति :- २०८२/०७/०२)

यस कार्यालयको आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार यस कार्यालय अन्तर्गतका आधारभूत अस्पताल र स्वास्थ्य संस्थाहरु मार्फत वितरण हुने आधारभूत तथा आकस्मिक सेवाको लागि औषधी तथा उपकरणहरु खरिद कार्य शिलवन्दी दरभाउपत्रको माध्यमबाट गराउनु पर्ने भएकोले इजाजतपत्र प्राप्त ईच्छुक फर्म वा सप्लायर्सहरुबाट निम्न शर्तहरुको अधिनमा रहि E-Bid मार्फत रित पूर्वकको शिलवन्दी दरभाउपत्र आह्वान गरिन्छ ।

१. दरभाउ पत्र फाराम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिन (२०८२/०७/२० गते) भित्र कार्यालय समयमा नविकरण भएको ईजाजतपत्र, आयकर दर्ता र मु.अ.कर दर्ता र आ.व. २०८१/०८२ सम्मको कर चुक्ता भएको प्रमाणपत्रका प्रमाणित प्रतिलिपि संलग्न राखी तपसिलमा उल्लेखित दस्तुर (फिर्ता नहुने गरी) यस कार्यालयको प्रभु बैंक भगवतीमाई शाखामा रहेको आन्तरिक राजस्व खाता नम्बर १५१०१०९३२८८०००९१ मा रकम जम्मा गरेको बैंक भौचरको स्कान कपि समेत दरभाउपत्र साथ पेश गर्नुपर्नेछ । साथै विद्युतीय संचारको माध्यमबाट सार्वजनिक खरिद अनुगमन कार्यालयको Double portal (www.ppmo.gov.np) मा गई दरभाउपत्र फाराम E-Bid द्धारा दरभाउपत्र दाखिला गर्नुपर्नेछ ।

२. खरिद भएका दरभाउपत्र प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिन (२०८२/०७/२१ गते) को १२.०० बजे भित्र दर्ता गरी सक्नु पर्नेछ । दर्ता भएका दरभाउपत्रहरु सोही दिनको २ :०० बजे यस कार्यालयमा दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न

बाधा पर्ने छैन । दरभाउपत्र खरीद गर्ने वा दाखिला गर्ने अन्तिम दिन बिदा परेमा उक्त कार्यहरु क्रमश : लगत्तै कार्यालय खुलेको दिनहुनेछ ।

३. दरभाउपत्रका साथ जमानत बापतको तपसिल बमोजिमको रकम प्रभु बैंक भगवतीमाई शाखामा रहेको यस कार्यालयको धरौटी खाता नं. ग ३.१ १५१०१०९३२८८०००४१ मा नगदै जम्मा गरेको बैंक भौचरको स्कान कपि वा दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तिमा ७५ दिन म्याद भएको यस कार्यालयको नाममा राष्ट्रिय वाणिज्य बैंकबाट जारी गरिएको बैंक जमानत पत्र (बिडबण्ड) समेत वा दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति बाट कम्तीमा ७५ दिन म्याद भएको यस कार्यालयको नाममा जारी गरिएको बैंक जमानीपत्र (बिडबण्ड) दरभाउपत्र साथ पेश गर्नु पर्नेछ ।

४. म्याद नाघि आएको, रीत नपुगेको र शर्त राखिएको दरभाउपत्र उपर कारबाही हुने छैन ।

५. दरभाउपत्र दाताबाट दरभाउ पत्रको उल्लेखित मूल्य परिमाण सूची (BOQ) मा प्रत्येक आइटमको मूल्य अभिबृद्धि कर बाहेकको दररेट भरी नआएमा त्यस्तो दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन । **औषधीजन्य वस्तुमा मूल्य अभिवृद्धिकर नलाग्ने तर E-Bid System मा मूल्य अभिवृद्धि कर सावेश भई आए तापनि आर्थिक मूल्यांकन गर्दा मूल्य अभिवृद्धि कर नलाग्ने आइटमा मूल्य अभिवृद्धि कर बाहेकको कवोल अंक गणना गरि मूल्यांकन गरिनेछ ।** साथै दररेटमा अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । केरमेट भएकोमा केरमेट भएको ठाउँमा सहिछाप भएको हुनुपर्नेछ ।

६. विल अफ क्वान्टिटीमा उल्लेखित औषधीहरुको परिमाणमा थपघट भएमा दरभाउपत्रदाताले कवोल गरेको दररेटमा उपलब्ध गराउनु पर्नेछ ।

७. आपुर्तिकर्ताले WHO, GMP बाट मान्यता प्राप्त कम्पनीहरुबाट उत्पादित औषधीहरु मात्र आपूर्ति गर्नुपर्नेछ । नेपालमा उत्पादित बाहेकका कम्पनीहरुबाट उत्पादित औषधी आपूर्ति गर्नु पर्ने भएमा उक्त कम्पनीहरुको WHO, GMP सर्टिफिकेट अनिवार्य पेश गर्नु पर्नेछ ।

८. आपूर्तिकर्ताले आपूर्ति गर्ने औषधीहरु उत्पादन गर्ने कम्पनीको नाम सहितको सूची उल्लेख गरी अनिवार्य रुपले पेश गर्नुपर्नेछ । साथै सिलवन्दी दरभाउपत्र छनोट भएको सप्लायर्सले सम्झौता पूर्व प्रत्येक औषधीको नमूना समेट छुट्टै शिलवन्दी गरी अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । नमूना औषधी पेश नगर्ने सप्लायर्ससँग सम्झौता गरिने छैन् ।

९. आपूर्ति गरिने औषधी मान्य अवधि (Expiry Date) स्टोर दाखिला भएको दिनबाट कम्तिमा १८ महिना बाँकी भएको हुनु पर्नेछ । १८ महिना भन्दा कम मान्य अवधि भएका औषधीको हकमा स्टोर दाखिला मितिले ७५ प्रतिशत म्याद बाँकी हुनु पर्नेछ ।

१०. आपूर्ति हुने औषधीहरुको स्ट्रीप र वोतलको प्रत्येक प्याकिङ्ग बाहिर उत्पादन मिति, मान्य अवधि (Expiry Date) तथा ब्याच नं. र **"निशुल्क स्वास्थ्य कार्यक्रमका लागि"** भनी अनिवार्य रुपमा प्रिन्ट भएको हुनु पर्नेछ ।

११. यस कार्यालयको हितलाई ध्यानमा राखी दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने सबै अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१२. E-Bidding मार्फत दरभाउपत्र पेश गर्ने दरभाउपत्रदाताहरुको कार्यालयबाट दरभाउपत्र सम्बन्धी सम्पुर्ण कागजातको सक्कलप्रति -हार्ड कपि) माग भएमा यस कार्यालयमा पेश गर्नुपर्ने छ ।

१३. दरभाउपत्र पेश गर्ने सप्लायर्सहरुले लेटर अफ बिड अनिवार्य रुपमा भर्नुपर्ने छ र आफु यो काम गर्न योग्य छ भनि स्वः घोषण अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

१४. E-Bidding बाट एक पटक पेश गरेको दरभाउपत्र फिर्ता लिन वा संशोधन गर्न चाहेमा उक्त कार्य E-Bidding प्रक्रियाबाटै गर्नुपर्ने छ ।

१५. यसमा उल्लेख भएकोमा यसै बमोजिम र यस उल्लेख नभएकोमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ संशोधन सहति र अन्य प्रचलित ऐन कानून अनुसार हुनेछ ।

१६. अन्य कुरा बझ्नु परेमा यस कार्यालयमा कार्यालय समयभित्र ९८५८०२०८९९/९८५८०२०७९९ मा सम्पर्क गरी बुझ्न सकिने छ ।

| ठेक्का नं. | कामको विवरण | लागत अनुमान (मु.अ.क. बाहेक) | बोलपत्र फाराम दस्तुर रु. | जमानत रकम रु. |
|---|---|---|---|---|
| BRM/MED/SQ/01/2082/083 | भगवतीमाई गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाका लागि आवश्यक आधारभूत, आकस्मिक तथा निःशुल्क औषधी र उपकरण खरिद तथा सप्लाई कार्य। | ४,६४३,०८२.२८ | १,०००.० | १३०,०००.० |

प्रमुख प्रशासकीय अधिकृत